कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४५ | वि.सं. २०८३ | भदौ | २२ | सोमवार | नेपाल संवत: ११४५, | भाद्र कृष्ण एकादशी | Monday | 7 | September | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## अलपत्र छ २५ लाख खर्चेर बनेको फायर वाचिङ टावर

◣ओम शाही
सुर्खेत, २१ भदौ ।

वीरेन्द्रनगर उपत्यकाबाट उत्तरतर्फको डाँडामा कंक्रिटको एउटा अधुरो संरचना उभिएको छ । माथिबाट सरिया बाहिर निस्किएका छन् । तल सिँढी बनेको छ । तर न पर्खाल छन्, न झ्याल-ढोका, न रेलिङ । वरिपरि बाक्लिँदै गएको झाडीले संरचनालाई झन् सुनसान बनाएको छ । कागजमा भने यसको नाम हो-देउती फायर वाचिङ टावर । पाँच तलाको टावर निर्माण गर्ने योजनासहित २०७५ सालमा यसको जग हालिएको थियो ।



२०७६ सालसम्म निर्माणको केही काम भयो, त्यसपछि रोकियो । त्यसयता काम अघि नबढ्दा पाँच तलाको डिजाइनमा निर्माण हुनुपर्ने टावर भुइँतलासहित तीन तलाको संरचनामै सीमित भएको छ । बनेको संरचना पनि अहिलेसम्म प्रयोगमा आउन सकेको छैन । अधुरो संरचना निर्माणमै २५ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको छ । तर खर्च भएको रकमको प्रतिफल खोज्ने र योजना पूरा गर्ने विषयमा सम्बन्धित निकायको सक्रियता देखिएको छैन ।

कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा वीरेन्द्रनगर नगरपालिका-११ स्थित देउतीबज्यै सामुदायिक वन क्षेत्रमा 'देउती फायर वाचिङ टावर' निर्माण गर्ने योजना स्वीकृत गरेको थियो । देउतीबज्यै सामुदायिक वनबाट प्राप्त प्रस्तावका आधारमा मन्त्रालयले योजना अघि बढाएको थियो । कार्यान्वयनको जिम्मेवारी मन्त्रालय मातहतको डिभिजन वन कार्यालय, सुर्खेतलाई दिइएको थियो ।

टावर निर्माणका लागि ७४ लाख ७५ हजार ७७४ रुपैयाँको लागत अनुमान गरिएको थियो । मन्त्रालयबाट क्रमागत रूपमा बजेट उपलब्ध गराउने शर्तमा योजना अघि बढाइयो । कुल लागत करिब ७५ लाख रुपैयाँ भए पनि उपभोक्ता समितिसँग ७० लाख ३१ हजार ९८६ रुपैयाँमा निर्माण गर्ने सम्झौता भएको थियो । सम्झौताअनुसार निर्माणमा डिभिजन वन कार्यालय, सुर्खेतले ५० लाख रुपैयाँ र निर्माण उपभोक्ता समितिले १४ लाख २७ हजार रुपैयाँ व्यहोर्ने उल्लेख थियो ।

भुइँतलासहित पाँच तला र करिब २३ मिटर उचाइको टावर निर्माण गर्ने लक्ष्य थियो । तर अहिलेसम्म आधा कामसमेत हुन सकेको छैन । तीन तलासम्मका पिलर उठाइएका छन् । तीन तहमा बिम हालिएको छ र त्यहाँसम्म पुग्ने सिँढी निर्माण भएको छ । त्यसबाहेक घेराबार, पर्खाल तथा अन्य संरचनाको काम अघि बढेको छैन । यति काम गर्नमै झण्डै २५ लाख रुपैयाँ खर्च भइसकेको छ ।

डिभिजन वन कार्यालय, सुर्खेतका सूचना अधिकारी नवराज पौडेलका अनुसार हालसम्म फायर वाचिङ टावर निर्माणमा २४ लाख ७९ हजार रुपैयाँ खर्च भएको छ । आर्थिक वर्ष २०७५/०७६ मा ८ लाख ८ हजार र २०७६/०७७ मा १६ लाख ७० हजार रुपैयाँ भुक्तानी भएको कार्यालयको अभिलेखमा देखिन्छ । त्यसपछि दुई आर्थिक वर्षसम्म टावरका लागि बजेट आएन । आर्थिक वर्ष २०७९/०८० मा पुनः २५ लाख रुपैयाँ विनियोजन गरिए पनि उक्त रकम खर्च हुन सकेन । बजेट आएर पनि किन खर्च भएन भन्नेबारे डिभिजन वन कार्यालय नै स्पष्ट छैन ।

डिभिजन वन कार्यालय, सुर्खेतका प्रमुख राधाकृष्ण दास भन्छन्, "सुरुका दुई आर्थिक वर्षमा केही बजेट खर्च भएको देखिन्छ । त्यसपछि केही वर्ष बजेट आएको छैन । पछिल्लो आर्थिक वर्षमा बजेट आएको

▶▶ बाँकी ४ पेजमा

## लुम्बिनी प्रदेशकै उत्कृष्ट कोहलपुरकी लघु उद्यमी काफ्लेलाई डा. हरिहरदेव पन्त पुरस्कार



◣सरला सुवेदी
बाँके, २१ भदौ ।

लुम्बिनी प्रदेशबाट यस वर्षको 'डा. हरिहरदेव पन्त लघु उद्यमशील पुरस्कार' कोहलपुरकी लघु उद्यमी शोबिता काफ्लेले प्राप्त गरेकी छन् । 'नेपालका लघुवित्तका पिता' भनेर चिनिने निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक डा. हरिहरदेव पन्तको ११ औं स्मृति दिवसका अवसरमा काफ्लेलाई प्रदेशकै सर्वोत्कृष्ट लघु उद्यमीका रूपमा नगद ५० हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको हो ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर शाखाको आयोजनामा भएको कार्यक्रममा कोहलपुर नगरपालिका-१ का वडाध्यक्ष बद्रीप्रसाद जैसीले काफ्लेलाई पुरस्कार तथा प्रमाणपत्र हस्तान्तरण गरेका हुन् ।

लुम्बिनी प्रदेशमा रहेका एक लाखभन्दा बढी महिला लघु उद्यमीमध्ये विभिन्न मापदण्डका आधारमा काफ्ले सर्वोत्कृष्ट छनौट भएको शाखा प्रमुख वीरेन्द्रप्रसाद चौधरीले बताए । उनका अनुसार उद्यमको अवस्था, कर्जाको सदुपयोग, व्यवसाय विस्तार, रोजगारी सिर्जना, नियमितता तथा उद्यमशीलताप्रतिको सक्रियतालगायतका आधारमा मूल्यांकन गरी उत्कृष्ट उद्यमी छनौट गरिएको हो ।

उनका अनुसार २०४७ सालमा स्थापना भएको निर्धन उत्थान लघुवित्त वित्तीय संस्थामा हाल देशभर चार लाखभन्दा बढी महिला उद्यमी आबद्ध छन् । संस्थाले सातवटै प्रदेशमा लघु उद्यमशीलताको क्षेत्रमा काम गर्दै आएको छ ।

'महिला दिदीबहिनीलाई समूहमा आबद्ध गराएर बिना धितो सात लाख रुपैयाँसम्म कर्जा उपलब्ध

▶▶ बाँकी ३ पेजमा

## गिडीखोलामा ५० मेगावाटको जलविद्युत् उत्पादनको तयारी

◣युग संवाददाता
जुम्ला, २१ भदौ ।

जुम्लाको तातोपानी गाउँपालिका-४ स्थित गिडीखोलामा ५० मेगावाटको जलविद्युत् उत्पादन हुने भएको छ । उक्त निर्माण हुन लागेको जलविद्युत्को लागत करिब रु सात अर्ब ५० करोडभन्दा बढी लाग्ने आध्यनत फन्ड म्यानेमजेन्ट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष थापाले जानकारी दिए ।



तातोपानी गाउँपालिका-४ को आयोजना र आध्यनत फन्ड म्यानेमजेन्ट लिमिटेड काठमाडौंको सहजीकरणमा आयोजित गिडीखोला जलाशययुक्त जलविद्युत् आयोजनाको सरोकारवालासँगको समन्वय तथा परिचयात्मक कार्यशाला अन्तर्क्रिया कार्यक्रममा सो जलविद्युत्बारे जानकारी दिँदै आध्यनत फन्ड म्यानेमजेन्टका प्रमुख कार्यकारी अधिकृत थापाले गिडीदहको जलाशययुक्त जलविद्युत् आयोजनाले करिब ५० मेगावाट विद्युत् उत्पादन गर्न सक्ने प्रारम्भिक अध्ययन गरिएको बताए ।

उनका अनुसार विस्तृत प्राविधिक तथा सम्भाव्यता अध्ययनपछि उत्पादन क्षमता अझ बढ्न सक्ने सम्भावनासमेत रहेको छ । उत्पादन भएको विद्युत्लाई १३२ केभी सिङ्गल सर्किटको प्रसारण लाइनमार्फत जुम्ला बजारमाको सबस्टेशनमा लगेर जोडिने छ । आयोजना कुल लागत सात अर्ब ५० करोड ७४ लाग्ने अनुमान गरिएको आध्यनतका प्रमुख सञ्चालक अधिकृत प्रमेशमान प्रधानको भनाई छ । वडाध्यक्ष अम्मरबहादुर रोकायाले वडाभित्र ठूलो विद्युत् परियोजना निर्माण हुने लागेको छ । यसलाई सफल बनाउनका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताए । स्थानीयलाई रोजगारीमा विशेष प्रथामिकता दिइने छ । निर्माण अवधिभर स्थानीय जनताले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा व्यपार व्यवसाय गर्न सक्नेछन् । जसले गर्दा यहाँका नागरिकको आयआर्जन वृद्धि हुने अपेक्षा राखिएको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए ।

आयोजना सञ्चालनबाट प्राप्त हुने रोजगारी, रोयल्टी, सेयर, सामुदायिक सहयोग कार्यक्रम तथा स्थानीय जनताको व्यापार व्यवसायबाट आयआर्जन गर्न अनुकूल प्रभाव हुने भएकाले समग्रमा यस आयोजनाबाट स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म लाभ पुग्ने पूर्वराज्यमन्त्री गोमा गौतमले जानकारी दिए ।






## सम्पादकीय....

# विपद् तयारीमा ध्यान देऊ

रसुवास्थित भोटेकोसी नदीमा १० भदौको बिहान आएको विनाशकारी बाढीले नेपालमा विपद् व्यवस्थापनको तयारी र क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ। बाढीका कारण जलविद्युत् आयोजनाका सुरुङ, हेडवर्क्स र पावरहाउसमा सयौँ कामदार तथा प्राविधिक फसे। कतिपयको अवस्था अझै अज्ञात छ। यस्तो कठिन परिस्थितिका बीच बाढी आएको दसौँ दिनमा माथिल्लो त्रिशूली-१ को सुरुङबाट दुई जनालाई जीवितै उद्धार गरिनु नेपाली उद्धार इतिहासकै साहसिक घटनामध्ये एक हो। सुरुङभित्र दस दिनसम्म अँध्यारो, भोक, प्यास र मृत्युको त्राससँग जुधिरहेका संजय साह र कबिर महर्जनलाई नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा चीन र भारतका अनुभवी सुरुङ उद्धार विज्ञहरूको संयुक्त टोलीले जीवितै बाहिर निकाल्यो। उनीहरूको उद्धारले असम्भवजस्तो देखिएको अवस्थामा पनि निरन्तर प्रयास र दृढ इच्छाशक्तिले जीवन जोगाउन सकिन्छ भन्ने सन्देश दिएको छ। उद्धारमा संलग्न सुरक्षाकर्मी, प्राविधिक तथा विदेशी विज्ञ टोली धन्यवादका पात्र छन्।

तर, दुई जनाको सफल उद्धारमा खुसी मनाइरहँदा त्यही सुरुङमा अझै अन्य व्यक्ति फसेका हुन सक्ने अनुमान र अन्य आयोजनामा बेपत्ता कामदारको अवस्थाले हाम्रो विपद् तयारीको कमजोर पक्ष पनि उजागर गरेको छल। प्रधानमन्त्रीले नै संसद्मा सुरुङभित्र फसेकाको उद्धार गर्न विश्वमै कुनै प्रविधि नभएको अभिव्यक्ति दिएको दुई दिनमै उद्धार सम्भव हुनु राज्यको तयारी, सूचना र प्राविधिक क्षमताबीचको अन्तर देखाउने घटना हो। नेपालमा जलविद्युत् आयोजना तीव्र गतिमा विस्तार भइरहेका छन्। तर आयोजना निर्माण र सञ्चालनमा विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन उद्धारलाई कति प्राथमिकता दिइएको छ भन्ने प्रश्न अब टार्न मिल्दैन। रसुवा र नुवाकोटमा सञ्चालित तथा निर्माणाधीन आयोजनामध्ये अधिकांशमा बाढीले ठूलो क्षति पुऱ्याएको छ। सयौँ कामदार सुरुङमा फसेका छन्। सडक र सञ्चार संरचना बाढीले क्षतिग्रस्त हुँदा उद्धार टोलीलाई घटनास्थलसम्म पुग्नसमेत कठिन भयो। यस घटनाले एउटा महत्वपूर्ण पाठ सिकाएको छ। पूर्वाधार निर्माणमा लगानी मात्र पर्याप्त हुँदैन, त्यसको सुरक्षा प्रणालीमा पनि उत्तिकै लगानी आवश्यक हुन्छ।

प्रत्येक जलविद्युत् आयोजनामा आपत्कालीन उद्धार योजना, वैकल्पिक सञ्चार प्रणाली, सुरक्षित निकासमार्ग, पर्याप्त अक्सिजन तथा जीवनरक्षक उपकरण र नियमित उद्धार अभ्यास अनिवार्य गरिनुपर्छ। सुरुङभित्र काम गर्ने श्रमिकको सुरक्षा केवल आयोजनाको आन्तरिक जिम्मेवारी होइन, राज्यको नियमन र निगरानीको विषय पनि हो। सरकारले अब घटनाको क्षति विवरण संकलन गरेर मात्र आफ्नो दायित्व पूरा भएको ठान्नु हुँदैन। कुन आयोजनामा कस्तो जोखिम छ, कामदारको आपत्कालीन सम्पर्क प्रणाली कस्तो छ र विपद् पर्दा कति समयमा उद्धार गर्न सकिन्छ भन्ने विषयमा अनिवार्य सुरक्षा परीक्षण हुनुपर्छ। उद्धारमा देखिएको सेना, प्रहरी र प्राविधिक जनशक्तिको समन्वयलाई संस्थागत गर्दै विशेष सुरुङ उद्धार क्षमता विकास गर्नु पनि आवश्यक छ। संजय र कबिरको उद्धारले निराशाबीच आशा जगाएको छ। अब त्यो आशालाई नीतिगत सुधारमा बदल्ने समय हो। विपद् आएपछि उद्धार गर्न दौडिने होइन, विपद् आउनुअघि नै जीवन जोगाउने तयारी गर्ने प्रणाली विकास गर्नुपर्छ। साहसिक उद्धारको यो सफलतालाई नेपालले सुरक्षित पूर्वाधार निर्माण र प्रभावकारी विपद् व्यवस्थापनको नयाँ सुरुवात बनाउन सक्नुपर्छ।

# पहिचानविहीन शवको चित्कार



डा. प्रकाश बुढाथोकी

> मानवअधिकार जीवित व्यक्तिको अधिकार मात्र होइन, मृत्युपछि सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने अधिकार पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

भोटेकोशी नदीमा आएको बाढीमा परेर निधन भएकाहरूको शव केही नदी किनार र भारतमा पनि फेला परिरहेका छन्। ती शव तथा अंगहरूको संख्यामा बढोत्तरी हुने तर पहिचान हुन नसक्ने अवस्था सिर्जना भएपछि व्यवस्थापनमा जटिलता आएको छ। हिमबाढीका कारण पहिचानका लागि आवश्यक तथ्यहरू केही शवसँग बाँकी छैनन्।

चोटपटक, हाइपोथर्मिया र पानीको बहावले गर्दा औंठाछापसमेत लिन नसकिने अवस्था छ। शवगृहको क्षमताभन्दा बढी संख्या भएपछि टेन्ट तथा औद्योगिक प्रतिष्ठानका कार्यालयलाई अस्थायी शवगृह बनाएर केही दिन राखिए। कतिपय शव अन्य नजिकका जिल्लामा समेत पठाइए। तर, गर्मी मौसमका कारण शव गन्हाउने, संक्रमण फैलिन सक्ने र पानी तथा वातावरण प्रदूषण गराउने जोखिम कायम रहेकाले शवको पहिचान र व्यवस्थापन सरकारका लागि अर्को ठूलो चुनौती बनेर खडा भयो।

शव व्यवस्थापन : नेपालमा दुर्घटना, प्राकृतिक विपद् वा अन्य कारणबाट मृत्यु भई पहिचान हुन नसकेका शवको वैज्ञानिक, कानुनी तथा सम्मानजनक व्यवस्थापनका लागि गृह मन्त्रालयले 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८' कार्यान्वयनमा ल्याएको थियो। यसलाई थप परिमार्जन गर्दै पहिलो संशोधन २०८३ लागू गरिएको छ। निर्देशिकाले पहिचान नभएका तथा बेवारिसे शवको सनाखत, वैज्ञानिक प्रमाणको संरक्षण, शवको भण्डारणदेखि अन्तिम व्यवस्थापनसम्मको प्रक्रिया निर्धारण गरेको छ। हरेक शवको अभिलेखीकरण, डीएनए नमुना संरक्षण र भविष्यमा पहिचान खुलेमा परिवारलाई शव फिर्ता गर्न सकिने व्यवस्था यसले गरेको छ।

प्रारम्भिक रूपमा शव अवलोकन, फोटोग्राफ वा फोटोसहितको परिचयपत्रका आधारमा पहिचान भएमा शवलाई सम्बन्धित हकवाला वा आफन्तलाई हस्तान्तरण गरिन्छ। यदि प्रारम्भिक आधार पर्याप्त नभएमा उमेर, लिंग, उचाइ, जन्मजात चिह्न, ट्याटु, खत, कोठीजस्ता व्यक्तिगत विवरण तथा गहना, लुगाको ब्रान्ड, घडी, जुत्ता, चप्पलजस्ता सामग्रीका आधारमा शवको पहिचान सुनिश्चित गरिन्छ। नसडेका शवको हकमा वस्तुपरक लक्षणका आधारमा दृष्टिमूलक पहिचानलाई पहिलो तरिका मानिन्छ। दृष्टिमूलक वा सामान्य विधिबाट पहिचान हुन नसकेमा विधिविज्ञानअन्तर्गत शव परीक्षण, औंठाछाप, दन्त परीक्षण तथा डीएनए परीक्षणजस्ता वैज्ञानिक विधि अपनाउने भनिएको छ र सोहीअनुसार गरिन्छ। गृह, परराष्ट्र, निर्वाचन आयोग वा यातायात कार्यालयमा भएका औंठाछापका डाटाहरू भिडाइन्छ र यसबाट पनि सम्भव नभए विशेषज्ञ चिकित्सकबाट अद्यावधिक वैज्ञानिक विधिहरू अवलम्बन गरिन्छ।

सामान्यतया पहिचान नभएका शवको विवरण र फोटो नेपाल प्रहरीले आफ्नो 'डेड बडी पोर्टल' तथा वेबसाइटमा सार्वजनिक गर्ने, केही समय अस्पतालले आइस बक्समा व्यवस्थापन गर्ने र त्यसपछि अध्ययनका लागि अस्पताललाई दिन पनि सकिने व्यवस्था उल्लेख छ। लामो समय, स्थान अभाव, संख्या धेरै भई जनस्वास्थ्य जोखिम हुने अवस्थामा तोकिएको खुला स्थान वा जंगल क्षेत्रमा ससम्मान जमिनमुनि गाडेर शव व्यवस्थापन गर्न सकिने उल्लेख छ। पछि पहिचान भएमा, परिवारले आफन्तको गाडिएको शव वा अंग उत्खनन गर्न सक्ने र फिर्ता पाउने प्रावधान छ। विपद्का बेला शव व्यवस्थापनसँगै मृतकको पहिचान र परिवारको अधिकार पनि सुरक्षित रहनुपर्ने भएकाले निर्देशिकाले वैज्ञानिक प्रमाण संकलन, अभिलेखीकरण र डीएनए संरक्षणलाई महत्वपूर्ण आधार बनाएको हो।

डीएनए परीक्षण : धेरै दिनसम्म पानी, हिलो र माटोमा डुबेर, चोटपटक, क्षतविक्षत तथा हाइपोथर्मियाका कारण ज्यान गुमाएका नागरिकहरूको परम्परागत विधिबाट पहिचान गर्न सम्भव नभएपछि वैज्ञानिक पहिचान अर्थात् सनाखतका लागि डीएनए प्रोफाइलिङ कार्य तीव्र पारिएको छ। धेरै शवको पहिचान हुन नसकेपछि अस्थायी व्यवस्थापनका रूपमा जमिनमुनि गाड्ने काम जसरी भइरहेको छ, त्योभन्दा दशौं गुणा बढी शव सनाखतका लागि शव र आफन्तबाट डीएनएको नमुना संकलन भइरहेको छ। शवको हकमा रगतबाट सम्भव नभएकाले तीघ्राको ५ देखि १० सेन्टिमिटर लामो हाड, कपाल, दाँत (विशेषतः बंगारा) लगायत अंगबाट डीएनए लिइन्छ भने आफन्तबाट रगतमार्फत लिइन्छ र केमिकल राखेर प्रोफाइलिङ गरिन्छ। संकलित हड्डी र दाँतलाई दूषित हुन नदिन सुकाएर कागजको खाममा प्याक गरी प्रयोगशाला पुऱ्याइन्छ। नजिकका आफन्त (बुवा, आमा, छोराछोरी अर्थात् फर्स्ट डिग्री रिलेटिभ) जसबाट ९९.९९ प्रतिशतसम्म शुद्ध र पूर्ण विश्वसनीय नतिजा आउँछ, उनीहरूबाट नमुना लिइन्छ। त्यो सम्भव नभए मात्र सहोदर दाजुभाइ वा दिदीबहिनीको नमुना लिएर डीएनएमार्फत शव पहिचान गरिन्छ।

यस कार्यका लागि चीन र भारतबाट विज्ञहरू आएका छन् भने जापान, सिंगापुर र कोरियाबाट प्रस्ताव आएको छ। नेपालमा प्रहरी विधिविज्ञान प्रयोगशाला र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट मात्र डीएनए परीक्षण हुन्छ। उपकरण, जनशक्ति र केमिकलको सीमितताका कारण यी दुई प्रयोगशालाको वार्षिक क्षमता ४/४ सय गरी कुल ८ सय मात्र छ। तर, यो भोटेकोशी बाढीमा मात्र शव र बेपत्ताका गरी ५ हजारभन्दा बढी परीक्षण गर्नुपर्ने अवस्था छ। विदेशमा रहेका आफन्तको हकमा डीएनए प्रोफाइलिङ गरेर इमेलबाट पठाउन भनिएको छ। शवबाट प्राप्त प्रोफाइल र २ देखि ३ जना परिवारका सदस्यको डीएनएबाट प्राप्त प्रोफाइलिङ म्याचिङ गरेर शवको सनाखत गरिन्छ। हामीकहाँ स्रोतसाधन र जनशक्तिको अभाव छ, डीएनए किट पनि महँगो छ, प्रविधि खर्चिलो छ र नयाँ प्रविधिको खाँचो छ।

डिप फ्रिज : देशभरका सबै अस्पतालमा रहेका डिप फ्रिजहरूमा गरेर करिब ६ सय ५० र उपत्यकामै ४ सयजति शव राख्न सक्ने क्षमता छ। मानिसको मृत्युपश्चात् तुरुन्तै गाड्न वा जलाउन सम्भव नहुने अवस्थाहरू (जस्तैः आफन्त आउन बाँकी हुँदा, पोस्टमार्टम गर्नुपर्दा वा कानुनी प्रक्रिया बाँकी छँदा) शव नकुहियोस् भनेर चिसो बनाएर राख्ने विशेष फ्रिज वा बाकस नै डिप फ्रिज हो। फ्रिजरमा शव राख्नु सुरक्षित भए पनि विपद्का बेलामा एकैपटक धेरै शव आउने, राख्ने रेफ्रिजेरेटर अपुग हुने र भौगोलिक अवस्थाले धेरै ठाउँमा उद्धार टोली तत्काल पुग्न नसक्ने हुन्छ। यसले गर्दा शव फेला पर्दासम्म कुहिने प्रक्रिया सुरु भइसकेको हुन्छ, जसलाई फ्रिजमा राखेर पनि सुरक्षित गर्न सकिँदैन।

कुहिन सुरु भइसकेका शव फ्रिजमा भन्दा जमिनमुनि व्यवस्थापन गर्नु उचित रहन्छ। डिकम्पोज (सड्ने प्रक्रिया सुरु) भइरहेका शवलाई लामो समयसम्म ढुवानी गर्ने, पोस्टमार्टम गर्ने वा विभिन्न ठाउँमा लैजाने क्रममा दुर्गन्ध र स्वास्थ्य जोखिम बढ्छ, जुन अस्थायी दफन वा व्यवस्थापनमा रहँदैन। विपद्का बेलामा जहिले पनि शव भण्डारणमा देशव्यापी संकट नै देखिने गरेको छ। तसर्थ, अस्थायी रूपमा खाद्यान्न भण्डारणमा प्रयोग गरिने 'कोल्ड स्टोरेज' वा चिस्यान केन्द्रको प्रविधिलाई प्रयोग गर्ने र दीर्घकालीन तथा वैकल्पिक समाधानका लागि विपद्का बेला स्थानीय सरकारले तुरुन्तै उपयुक्त जमिनको पहिचान गरी अस्थायी रूपमा शव गाड्ने व्यवस्था मिलाउनुपर्छ।

जमिनमुनि शव व्यवस्थापन : शवलाई पहिचान नभएसम्मका लागि अस्थायी रूपमा प्लास्टिकको झोलामा राखेर माटोमा सुरक्षितसाथ गाड्ने नै सबैभन्दा उत्तम र वैज्ञानिक उपाय हो। शव कुहिने प्रक्रिया गाडिएको स्थानको माटो, तापक्रम, चिस्यान, पानीको अवस्था, गाड्ने गहिराइ, शवको अवस्था तथा प्रयोग गरिएको व्यवस्थापन विधिमा निर्भर गर्छ। जमिनमुनि शव राख्दा हावा कम र चिसो हुने भएकाले डिकम्पोजिसनको प्रक्रिया केही कम हुन्छ।

तीन महिनासम्म कुहिने प्रक्रिया ढिलो भए पनि त्यसपछि नरम तन्तुहरू कुहिँदै जाने र एक वर्षमा शव अस्थिपञ्जर मात्र रहन्छ। कुहिन लागेका शवमा रासायनिक पदार्थ, चुना, बरफ वा ड्राई आइसको प्रयोग स्वास्थ्यका दृष्टिले हानिकारक मानिन्छ।

केमिकलले गर्दा उद्धारमा खटिने कर्मचारी तथा स्वयंसेवकहरूलाई श्वासप्रश्वासको गम्भीर समस्या र केमिकल निमोनिया (केमिकल निमोनाइटिस) हुन सक्ने तथा बरफ पग्लेर कुहिएको तरल पदार्थ झन् धेरै फैलिने खतरा रहन्छ। विगत २०७२ सालको भूकम्पपछि पनि शिक्षण अस्पताल परिसरमा ३२ वटा पहिचान नभएका शव माटोमै गाडेर राखिएको थियो।

हालसम्म २ वटाको पहिचान भए पनि अन्य ३० वटा त्यहीँ नै छन्। कानुनले पहिचान नभएका वा दाबी गर्न नआएका शवहरूलाई १२ वर्षसम्म सुरक्षित राख्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। मानवअधिकार जीवित व्यक्तिको अधिकार मात्र होइन, मृत्युपछि सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने अधिकार पनि उत्तिकै महत्वपूर्ण हुन्छ। आफ्नो धार्मिक रीतिरिवाजअनुसार अन्त्येष्टि गर्ने अधिकार हनन गर्न मिल्दैन। तसर्थ, अस्थायी दफन वा व्यवस्थापन गरेर शवको पहिचान सुरक्षित राख्दा मृतकको सम्मान र आफन्तको अधिकार दुवै सुरक्षित हुन्छ। अस्थायी दफन अन्त्येष्टि नभई, पहिचान जोगाइराख्ने अन्तरिम व्यवस्थापन मात्र हो।

*(बुढाथोकी स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापनका निवर्तमान प्रमुखसमेत हुन्।)*

## विश्व

# युक्रेन युद्ध अन्त्यका लागि पुटिनसँग अमेरिकी दूतहरूको 'ठोस योजना'बारे छलफल

**किएभ, २१ भदौ।** युक्रेन युद्ध अन्त्य गर्ने प्रयासस्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेषदूत स्टिभ विटकफ र जारेड कुशनरले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग 'ठोस योजनाहरू'बारे छलफल गरेका छन्।

मस्कोमा शनिबार भएको तीन घण्टाभन्दा लामो वार्तापछि क्रेमलिनका वरिष्ठ अधिकारी युरी उशाकोभले छलफल 'अत्यन्त स्पष्ट' र रचनात्मक भएको बताए। उनका अनुसार अमेरिकी पक्षले युद्ध अन्त्य गर्ने सम्भावित उपायबारे विभिन्न प्रस्ताव अघि सारेको थियो। तर, तत्काल कुनै ठोस सहमति वा सफलता घोषणा गरिएको छैन।

ट्रम्पले यसअघि आफ्ना दूतहरू युक्रेन युद्ध अन्त्य गर्ने प्रस्ताव लिएर मस्को र किएभ जान लागेको बताएका थिए। उनले 'शान्तिका लागि एउटा योजना' रहेको बताए पनि त्यसको विस्तृत विवरण सार्वजनिक गरेका छैनन्। पुटिनसँगको भेटपछि विटकफ र कुशनर आइतबार युक्रेनको राजधानी किएभतर्फ प्रस्थान गरेका छन्। उनीहरूले त्यहाँ राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग युद्ध अन्त्य गर्ने सम्भावित उपायबारे छलफल गर्ने अपेक्षा गरिएको छ।

यो विटकफ र कुशनरको युद्ध सुरु भएयता पहिलो किएभ भ्रमण हो। उनीहरूले यसअघि मस्कोमा पटक-पटक रुसी अधिकारीसँग वार्ता गर्दै आएका छन्।

क्रेमलिनका अनुसार पुटिनले वार्ताका क्रममा रुसको सैन्य अवस्थाबारे आफ्नो धारणा प्रस्तुत गर्दै पूर्वी युक्रेनमा बाँकी भू-भाग कब्जा गर्ने लक्ष्यबाट पछि नहट्ने सङ्केत दिनुभएको छ। यसले वार्तामा रुस र युक्रेनबीचको मुख्य मतभेद अझै कायमै रहेको देखाएको छ।

अमेरिकी दूतहरूको वार्ताका लागि वातावरण सहज बनाउन रुस र युक्रेनले आफ्ना राजधानीमा तीन दिनसम्म आक्रमण नगर्ने प्रतिबद्धता जनाएका छन्।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभका अनुसार पुटिनले किभमा तीन दिनसम्म आक्रमण नगर्न रुसी सेनालाई आदेश दिएका छन्। जेलेन्स्कीले पनि युक्रेनले मस्कोमाथि आक्रमण नगर्ने बताएका छन्।

तर, सीमित आक्रमणविरामका बीच पनि युक्रेनका विभिन्न क्षेत्रमा रुसी आक्रमण जारी रहेको र त्यसबाट सर्वसाधारणको मृत्यु भएको युक्रेनी पक्षले जनाएको छ।

रुसले पूर्वी र दक्षिणी युक्रेनको ठूलो भू-भाग कब्जा गरेको छ र आफ्नो सैन्य लक्ष्य पूरा गर्ने अडान दोहोऱ्याउँदै आएको छ। अर्कोतर्फ, युक्रेनले आफ्नो भू-भाग त्याग्ने कुनै पनि सम्झौता स्वीकार नगर्ने अडान राख्दै आएको छ। यही कारण अमेरिकी मध्यस्थतामा वार्ता पुनः सुरु गर्ने प्रयास भए पनि तत्काल युद्धविराम वा शान्ति सम्झौता हुने अवस्था अझै स्पष्ट छैन।

अमेरिकी दूतहरूको किएभ भ्रमणलाई भने वासिङ्टनको शान्ति प्रयासलाई पुनः गति दिने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ।

**वृष** — अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**मिथुन** — तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन्। ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ। आकर्षक उपहारले उत्साह जगाउनेछ।

**कर्कट** — समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ। अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ।

**सिंह** — आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। तापनि अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

**कन्या** — प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। नाम, दाम र इनाम कमाउने बेला छ। पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ।

**तुला** — परिस्थितिवश आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्। अस्वस्थताले काममा जुट्न बाधा पर्नेछ। सद्विचारले अभिप्रेरित हुनेहरूलाई भाग्यले साथ दिनेछ।

**वृश्चिक** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले घरेलु तथा सामाजिक समस्या आउन सक्छ।

**धनु** — पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। काम बन्नुका साथै धनलाभ हुनेछ।

**मकर** — स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन्।

**कुम्भ** — परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन्।

**मीन** — हतारको निर्णयले काम बिग्रनेछ। महत्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान्। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुपर्नेछ।

# ‘भट्टारमा पहिरोका कारण उत्पन्न जोखिम कम गर्न आवश्यक पहल गरिने’



**युग संवाददाता**
**धनगढी, २१ भदौ ।**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले दार्चुलाको अपिहिमाल गाउँपालिका-१ भट्टारमा पहिरोका कारण उत्पन्न जोखिम कम गर्नका लागि प्रदेश सरकारबाट गर्न सकिने आवश्यक पहल तथा सहयोगमा कमी हुन नदिने बताएका छन् ।

भट्टार क्षेत्रमा गएको पहिराका कारण विस्थापित परिवारको राहत तथा पुनर्स्थापनाका साथै पहिरो जाने क्रम नरोकिएकाले जोखिम न्यूनीकरण र आवश्यक सहयोगको माग गर्दै अपिहिमाल गाउँपालिकाका अध्यक्ष भगतसिंह ठेकरे बोहरा र मार्मा गाउँपालिकाका अध्यक्ष जमनसिंह धामीसहितको टोलीले मुख्यमन्त्री भट्टलाई शनिबार ज्ञापनपत्र बुझाएको थियो ।

ज्ञापनपत्र बुझ्नुहुँदै मुख्यमन्त्री भट्टले विपद्का कारण प्रभावित नागरिकलाई राहत उपलब्ध गराउनुका साथै उनीहरूको पुनर्स्थापनाका लागि प्रदेश सरकारबाट आवश्यक पहल गरिने बताए । उनले पहिरोका कारण प्रभावित तथा विस्थापित परिवारको राहत, पुनर्स्थापना र पहिरो रोकथामका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताए ।

मुख्यमन्त्री भट्टले विपद्का कारण प्रभावित नागरिकको सुरक्षा र राहतलाई प्राथमिकतामा राख्दै सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । भट्टार क्षेत्रमा पहिरो जाने क्रम जारी रहँदा चमेलिया नदीसमेत प्रभावित भएको छ । पहिरोका कारण नदी आंशिक रूपमा थुनिएपछि तटीय क्षेत्रका बस्तीमा जोखिम बढेको भन्दै स्थानीय प्रशासनले समेत उच्च सतर्कता अपनाउन आग्रह गरेको थियो ।

गाउँपालिकाका अध्यक्षद्वयको टोलीले पहिरोका कारण विस्थापित परिवारको तत्काल राहत तथा पुनर्स्थापनासँगै पहिरो पूर्ण रूपमा नरोकिएका कारण चमेलिया नदी किनारका बस्तीमा जोखिम कायमै रहेको जानकारी गराएको थियो । जोखिम न्यूनीकरण, प्रभावित नागरिकको सुरक्षा तथा आवश्यक पूर्वाधार संरक्षणका लागि प्रदेश सरकारबाट तत्काल आवश्यक सहयोग उपलब्ध गराउन उनीहरूले आग्रह गरेका थिए । पहिरो निरन्तर खसिरहेकाले नदीको बहावमा पुनः अवरोध आउन सक्ने जोखिमसमेत रहेको बताइएको छ ।

# युवा वर्ष मोती पुरस्कार युवा सर्जक चौधरीलाई प्रदान गरिने

**युग संवाददाता**
**काठमाडौँ, २१ भदौ ।**

यस वर्षको युवा वर्ष मोती पुरस्कार युवा सर्जक इन्द्रबहादुर चौधरीलाई प्रदान गरिने भएको छ । राष्ट्रिय युवा कोषको बसेको बैठकले कञ्चनपुरका सर्जक चौधरीलाई रु ४० हजार नगदसहितको उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको छनोट समितिका सदस्य डा बमबहादुर थापा ‘जीताली’ले जानकारी दिए ।

कोषले पुरस्कार छनोटका लागि प्राध्यापक रामकुमार पाण्डेको संयोजकत्वमा भाषासेवी रमा शर्मा, डा बमबहादुर थापा ‘जीताली’, जीवनाथ धमला र प्रा डा खुमनारायण पौडेल सदस्य तथा डा विष्णुबहादुर भण्डारी सदस्यसचिव रहेको मूल्याङ्कन समिति गठन गरेको थियो ।

नेपाली साहित्यका माध्यमिककालका प्रवर्तक तथा राष्ट्रिय विभूति युवा कवि मोतीराम भट्टको स्मृतिमा स्थापित उक्त पुरस्कार हरेक वर्ष भाषा र साहित्यको क्षेत्रमा योगदान पुर्‍याउने युवा प्रतिभालाई प्रदान गरिँदै आएको छ ।

# बहुअपाङ्गता भएका बालबालिकालाई ‘घरमै विद्यालय’ सुरु हुँदै

**युग संवाददाता**
**सुर्खेत, २१ भदौ ।**

कर्णाली प्रदेशका पाँच ओटा जिल्लाका पन्ध्र वटा पालिकामा बहुअपाङ्गता भएका बालबालिकाकालाई ‘घरमै विद्यालय’ सुरु हुने भएको छ । हुम्लाको सिमकोट गाउँपालिका, खार्पुनाथ गाउँपालिका र चंखेली गाउँपालिका, मुगुको खत्याड गाउँपालिका र छायानाथ रारा नगरपालिका, जाजरकोटको कुसे र जुनिचाँदे गाउँपालिकामा यो कार्यक्रम लागु हुने भएको हो ।

यस्तै, रुकुम पश्चिमको वाँफीकोट, सानीभेरी गाउँपालिका र आठबीसकोट नगरपालिका, सल्यानको सिद्धकुमाख र दार्मा गाउँपालिकामा यो कार्यक्रम लागु हुनेछ । खासगरी यी पालिकामा बहुअपांगता भएका ‘क’ र ‘ख’ वर्गका बालबालिकाका हकमा लागु हुने बताइएको छ । शारिरीकरुपमा अपांगता भई विद्यालय जान नसक्ने बालबालिकाहरूलाई केन्द्रीत विद्यालयको रुपमा स्थापित गर्ने योजना छ ।

यो कार्यक्रम लागु भइसकेपछि बालबालिकाहरूले आफ्नै घरमा रमाईलो वातावरणमा पठनपाठन गर्ने कक्षा, बालबालिका विद्यालय होइन कि शिक्षक बालबालिकाहरूको घरमै गएर पढाउने नयाँ तरिका, नजिकको विद्यालयमा भर्ना भई, उक्त विद्यालयको नीति, नियम, सहयोगमा संचालन गरिएको कक्षा, नेपाल सरकारको पाठ्यक्रम, पाठ्यपुस्तकको आधारमा शिक्षण गर्ने कक्षा , बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यान दिई संचालन गरिने कक्षा, रमाईलो वातावरणमा, खेल्दै, सिक्दै, गीत, कविता, कथा आदिको माध्यमले संचालन गरिने कक्षा नै घर मै विद्यालय कक्षाको अवधारणा हो ।



**घर मै विद्यालय कक्षाका उद्देश्य के हुन ?**

घरमै विद्यालय कक्षाको मुख्य उदेश्य शारीरिक रूपमा बहुअपांगता भएका बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन उनीहरूको घरमै गएर पढाइ कक्षा संचालन गर्ने रहेको छ । शारिरीकरूपमा अपांगता भएका बालबालिकाहरूलाई न्यूनतम कक्षा १ देखि ५ सम्मको पाठ्यक्रमरपाठ्यपुस्तकको आधारमा कक्षा संचालन गर्नेछ ।

अपांगतामैत्री वातावरणमा उनीहरूले सहजरूपमा सिक्न सक्ने किसिमले शिक्षण सिकाइ क्रियाकलापहरू संचालन गर्ने, सरकारले जारी गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चतामा सहयोग पुर्याउने लगायतका उदेश्य राखिएका छन् ।

**अपेक्षित परिणाम के छन ?**

यो कार्यक्रम लागु भईसकेपछि बालबालिकामा धेरै परिवर्तन आउने अपेक्षा गरिएको छ । शारिरीकरूपमा बहुअपांगता बालबालिकाहरूको विद्यालयमा पहुँच पुर्‍याई विद्यालयमा निरन्तर भएका हुने, अपांगमैत्री वातावरणमा सार्वजनिक विदाका दिन बाहेक नियमितरुपमा कक्षा संचालन भएको, संचालित कक्षालाई वडा तथा पालिकाले दिगोरुपमा संचालन गर्न सहजकर्ताको पारिश्रमिक सहयोग गरेको हुने अपेक्षा गरिएको सामुदायिक विकास केन्द्र (सिडिसी) का निर्देशक हेमराज जोशीले बताए ।

उनका अनुसार पढाइ कक्षाका बालबालिकाहरूले कम्तिमा पनि कक्षा १ देखि ५ सम्म पढ्ने अवसर प्राप्त गरेको हुने र नजिकको विद्यालयले विद्यालयमा भर्ना गरेर अभिलेख राखेको हुने, घरमा आमा बुबा तथा अन्य अभिभावकहरूले बालबालिकाहरूको रेखदेख, स्याहार, सुसार र व्यक्तिगत सरसफाईमा ध्यान दिएको हुने, घरपरिवारले पठनपाठनको लागि घरमा एक कोठा उपलब्ध गरी पठनपाठनका क्रियाकलापहरू व्यवस्थितरुपमा संचालन भएको हुने, कक्षामा पढ्ने सबै बालबालिकाहरूको विस्तृत अभिलेख तयार गरेर सम्वन्धीत निकायमा पठाएको हुने र बालबालिकाहरूको पहिलेको भन्दा सिकाइ उपलब्धीमा सुधार भएको हुने अपेक्षा छ ।

सामाजिक विकास मन्त्रालयमा आयोजित समन्वय वैठकमा प्रस्तुत प्रतिवेदनमाथि छलफल गर्दै शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक दीपा हमालले यो कार्यक्रम लागु भएको खण्डमा विद्यालय जान नसक्ने बालबालिकाका लागि शैक्षिक अवसर प्रदान गर्न कोसेढुङ्गा सावित हुने बताईन ।

‘उहाँहरुले सुरुमा चार वर्ष यो कार्यक्रम कर्णालीका पन्ध्र ओटा पालिकामा लागु गर्ने बताउनु भएको छ ।’ उनि भन्छिन, ‘यसले विद्यालय जान नसक्ने बालकालिकाका लागि शैक्षिक उन्नयनको ढोका खोल्ने अपेक्षा हामीले लिएका छौँ ।’

सामाजिक विकास मन्त्री जितबहादुर मल्लले प्रस्तुतिकरण असाध्यै राम्रो भएको भएपनि यसलाई कार्यान्वयन गर्न तदारुकताको आवश्यकता हुने सुझाव दिए । ‘सुरुमा तपाईहरु त्यस्ता बालबालिका कहाँ कति छन ? त्यसकालागि कति जनशक्ति आवश्यक छ, त्यो निर्क्योल गर्नुहोस ।’ उनले भने, ‘यो कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन कसरी गर्न सकिन्छ ? कसको के भूमिका हुने स्पष्ट मार्गीचित्र ल्याउनुहोस । अनि यसलाई सुरु गर्नुहोस ।’ मन्त्री मल्लले कार्यक्रम राम्रो भएको बताउँदै थप तयारीका साथ आगामी दिनमा छलफल गर्न र कार्यक्रमलाई सशक्त रुपमा अगाडी बढाउन सरोकारवाला निकायलाई निर्देशन दिए ।

# ‘अब जलविद्युत् आयोजना निर्माणको डिजाइन र सुरक्षामा पुनर्विचार गर्नुपर्छ’

*भोटेकोशी विपत्तिले रसुवा र नुवाकोटका १३ जलविद्युत् आयोजना तथा प्रसारण पूर्वाधारमा खर्बौं रुपैयाँको क्षति पुऱ्यायो । घटनालगत्तै यी आयोजनामा काम गर्ने ९ सय ३४ जना सम्पर्कविहीन भएको खबर सार्वजनिक भयो । यो विपत्तिले जलविद्युत् परियोजनामा पारेको असर र त्यसमा भएको मानवीय क्षतिलाई कसरी हेर्ने? अनि सरकारले जारी राखेको खोज र उद्धारको पहल कति व्यवस्थित र योजनाबद्ध थियो? विद्युत् प्राधिकरणका पूर्वप्रबन्ध निर्देशक एवं उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङसँग यिनै र यस्तै विषयमा कान्तिपुर टेलीभिजनका लागि गरेको कुराकानीको सम्पादित अंश :*

**● भोटेकोशी विपत्तिपछि के जलविद्युत् आयोजना र त्यसमा निर्मित सुरुङहरू हाम्रा लागि सुरक्षा चुनौतीको विषय बनेका हुन्?**

उत्तरः नेपालको जुन भौगोलिक अवस्था छ, त्यसअनुसार जलविद्युत् आयोजना नदी किनारमै बन्ने हो । अहिले जलवायु परिवर्तनका कारण अपस्ट्रिमका हिमनदी र हिमतालमा आउने परिवर्तन तथा विभिन्न समयमा हुने फ्ल्यास फ्लड, क्लाउडबर्स्टलगायतका कारण सुरुङभित्र रहेका पावर हाउस र एक्सेस टनेलमा पानी पस्ने जोखिम बढेको छ । यसपालि पनि त्यही देखियो । यसले संरचनागत क्षति हुने जोखिम त बढाएको छ नै, मानवीय क्षतिको दृष्टिले पनि ठूलो चुनौती थपिएको छ ।

**● त्रिशूली–३ ‘ए’ सहित रसुवा र नुवाकोटका जलविद्युत् आयोजनामा तपाईं सुरुदेखि नै प्रत्यक्ष संलग्न हुनुहुन्छ । सडकमा बन्ने सुरुङ र जलविद्युत्का लागि बन्ने सुरुङ एउटै प्रकृतिका हुन् कि तिनको सुरक्षा प्रणाली फरक हुन्छ? आम मानिसले बुझ्ने गरी बताइदिनुस् ।**

उत्तरः गैरप्राविधिक मानिसले बुझ्ने गरी भन्दा जलविद्युत्मा बन्ने सुरुङ पानी ल्याउनका लागि बनाइन्छ भने सडकको सुरुङ यातायात सञ्चालनका लागि बनाइन्छ । त्यसैले दुवैको प्रकृति र सुरक्षा पक्ष फरक हुन्छ । जलविद्युत् आयोजनामा हेडवर्क्सबाट पानी डाइभर्ट गरेर सुरुङमार्फत पावर हाउससम्म पुऱ्याइन्छ । सुरुङमा पठाउनुअघि पानीलाई डिसेन्डर बेसिनमा थिग्र्याइन्छ । डिसेन्डर बेसिन बाहिर वा पहाडभित्र हुन सक्छ । बाहिर बनाइएको संरचना बाढी तथा अन्य विपत्तिमा बढी जोखिममा पर्न सक्छ ।

पावर हाउससम्म पानी पुऱ्याउन सर्ज ट्याङ्क र पेनस्टक पाइप हुन्छ । पेनस्टकबाट पानी दबाबका साथ टर्बाइनमा पुग्छ र विद्युत् उत्पादन हुन्छ । पावर हाउस सामान्य भवनजस्तो नभई पहाडभित्र ठूलो क्याभन बनाएर निर्माण गरिएको हुन्छ । रसुवागढीमा करिब ७५ मिटर लामो र १५ देखि २० मिटर चौडाइको क्याभन थियो । पावर हाउससम्म पुग्न एक्सेस टनेल बनाइन्छ । नदीको बहाव र भूगोलअनुसार यो रिभर बेडभन्दा १० देखि ६० मिटर वा त्यसभन्दा माथिबाट प्रवेश गर्न सक्छ । पावर हाउसमा ग्राउन्ड, टर्बाइन र जेनेरेटर फ्लोरसहित कन्ट्रोल रुम, जीआईएस फ्लोर, ब्याट्री रुम र अन्य उपकरण हुन्छन् । यसका अतिरिक्त केबलका लागि केबल टनेल र टर्बाइनबाट निस्किएको पानी बाहिर लैजान टेलरेस टनेल हुन्छ । त्रिशूली–३ ‘ए’मा रहेको केबल टनेलबाटै दुई जना जीवित इन्जिनियरलाई बाहिर निकालिएको थियो । त्यसैले जलविद्युत् आयोजनाको पावर हाउस क्षेत्रमा प्रवेश गरेपछि ठूलो क्याभनसहित सुरुङहरूको छुट्टै र जटिल संरचना हुन्छ ।

**● त्रिशूली–३ ‘ए’बाट दुईजनाको उद्धार भयो । अरू केही त्यहीँभित्रै हराइरहेका भन्ने कुरा पनि छ । यो घटनालाई कसरी हेर्नुहुन्छ?**

त्रिशूली–३ ‘ए’मा टेलरेस त पुरिएको थियो, जुन सबैभन्दा तल्लो भागमा हुन्छ । दुईवटा टनेल पनि पुरिएका थिए । यो केस विशेष थियो, किनभने दुवै टनेल पुरिएका थिए । केबल ल्याउने टनेल पनि पुरिएको थियो । त्यसैले पावर हाउस पूर्ण रूपमा बन्द भएको अवस्था थियो । त्यहाँ हावा छिर्ने ठाउँसमेत थिएन । त्यसका बाबजुद दुई जना जीवित भेटिए । दुई जना जीवित भेटिनुको अर्थ त्यहाँ अक्सिजन ट्र्याप भएर बसेको थियो । भित्र क्याभन थियो । त्यहाँका इन्जिनियर र पछि हाम्रा साथीहरूसँग मैले गरेको कुराकानीअनुसार, त्यहाँ के भएको रहेछ भने लोड डिस्प्याच सेन्टर (एलडीसी) बाट खबर गएको थियो–‘ठूलो बाढी आउँदै छ, पावर प्लान्ट बन्द गरेर त्यहाँबाट निस्किहाल्नुस् ।’ खबर गएपछि त्यहाँका मानिसहरू, करिब ३०–३५ जना मेन्टेनेन्सको काम गरिरहेका थिए, बाहिर निस्किन दौडिए । धेरै मानिस बाहिर निस्किए, तर बाढी तुरुन्तै आएकाले भागेर निस्किएका कोही पनि बच्न नसकेको जानकारी आयो ।

जो मानिसहरू भित्रै थिए, उनीहरू भने माथि चढ्न सफल भए । माथिल्लो भागमा पुगेपछि त्यहाँ केबल टनेल सुरु हुन्छ । पानी केबल टनेलको टपसम्म पुगेन । पानी भरिए पनि त्यो टनेल करिब १८–२० मिटर अग्लो भएकाले माथिल्लो भागसम्म पानी पुग्न सकेन । यदि त्यहाँ पनि पानी भरिएको भए मानिसहरू बच्न गाह्रो हुन्थ्यो । उहाँहरू त्यही टनेलबाट बाहिर निस्कन खोज्नुभएको हुन सक्छ । तर बीचमा पुगेपछि अर्को दिशाबाट निस्किने ठाउँ प्लग भएर बन्द भयो । त्यसपछि उहाँहरू बाहिर निस्कन पाउनुभएन र त्यहीँ ट्र्याप हुनुभयो । १० दिनसम्म त्यहीँ बस्दा त्यहाँ हावा र अक्सिजन थियो । पानी पावर हाउसबाट उल्टो दिशामा भरिएन । यदि पानी पूरै भरिएको भए उहाँहरूलाई बच्न गाह्रो हुन्थ्यो । टपबाट पनि पानी तल झरेन, त्यसैले माथिल्लो भाग खाली रह्यो ।



एक जनाको शव टपबाट भित्र छिरेर हेर्दा त्यही फ्लोरमा तैरिरहेको अवस्थामा फेला परेको थियो भन्ने जानकारी आयो । मानिसलाई उद्धार गर्न जाने ठाउँ पहिल्यै थाहा हुन्छ । त्यहाँसम्म पुग्न सक्ने मानिसहरू बचे । दुई जना जीवित भेटिए ।

**● भोटेकोशी विपत्ति : जलवायु परिवर्तनको अन्तर्राष्ट्रिय कोषबाट नेपालले क्षतिपूर्ति पाउन कति सहज छ ?**

त्यसैगरी चिलिमे, रसुवागढीलगायतका आयोजनामा पनि अपरेसनका लागि माथिल्लो भागमा फ्लोर हुन्छ । आपत्कालीन अवस्था आएमा मानिसहरू भेला हुने ठाउँ अर्थात् एसेम्बली प्वाइन्ट हुन्छ । त्यहाँ ब्याट्री रुम, किचेन र खाना पकाउनेलगायतका सुविधा हुन्छन् । त्यो ठाउँ घरजस्तै हुन्छ ।

**● यो विपत्तिमा धेरै जलविद्युत् संरचनामा क्षति पुग्यो । यो कति ठूलो क्षति हो र तिनको पुनर्निर्माण सम्भव छ?**

सञ्चालनमा रहेका पावर हाउसहरूमा हेडवर्क्ससमेत क्षति भएको छ र पावर हाउस पुरिएको छ । अब ती पावर हाउसमा जमेको डेब्रिस अर्थात् पहिरो र लेदो निकाल्नुपर्छ । त्यो निकालिसकेपछि भित्रका उपकरण कति प्रयोग गर्न सकिन्छ भन्ने हो । सामान्यतः प्रयोग गर्न सम्भव हुन्छ जस्तो मलाई लाग्दैन, धेरैजसो उपकरण फेरि प्रतिस्थापन गर्नुपर्ने हुन्छ ।

पावर हाउसका उपकरण प्रतिस्थापनलगायतका सबै काम गर्न समय लाग्छ । तर भित्रका टनेलहरू सुरक्षित छन् । रसुवागढीको डिसेन्डर र टनेल सुरक्षित छन् । हेडवर्क्स बनाएर टनेलबाट पानी ल्याउनासाथ पावर हाउस बनाएर आयोजना सञ्चालन गर्न सकिन्छ । चिलिमेको पनि टनेल सुरक्षित छ, हेडवर्क्स पनि ठीक छ । पावर हाउस मात्रै बिग्रिएको हो । पावर हाउस पुनर्निर्माण गरेपछि आयोजना सञ्चालन गर्न सकिन्छ ।

त्रिशूली–३ ‘ए’को हेडवर्क्स पनि क्षतिग्रस्त भएको छ । डिसेन्डर पनि क्षतिग्रस्त भएको छ, जुन बाहिरै थियो । तर टनेल सुरक्षित नै छ । पावर हाउस भने क्षतिग्रस्त भएको छ, त्यसलाई पनि पुनर्निर्माण गर्नुपर्ने हुन्छ । यो सञ्चालनमा रहेका आयोजनाहरूको कुरा भयो । निर्माणाधीन आयोजनाको अवस्था भने अर्कै छ ।

**● निर्माणाधीन आयोजनाहरूको अवस्था के छ?**

यो विपत्तिकै कारण हिउँदमा लोडसेडिङ हुन्छ भन्ने मलाई लाग्दैन ।... निर्माणाधीन आयोजनामा पावर हाउसहरू बनिसकेका हुँदैनन् । उदाहरणका लागि, कोरियाली कम्पनीले निर्माण गरिरहेको २१६ मेगावाटको माथिल्लो त्रिशूली–१ को पावर हाउस खन्ने र मेसिनरीको काम गरिरहेका दुई–तीन सय जना मानिस बाँच्न सफल भए । किनभने मैलुङतिरबाट त्यसको अडिट टनेल अर्को बाटोबाट गएको थियो । अर्को खोलाको किनारबाट त्यसमा प्रवेश गरिन्थ्यो र त्यहाँ पानी छिर्न पाएन । पानी नछिरेपछि भित्र काम गरिरहेका सबै मानिस सुरक्षित रूपमा बाहिर निस्कन पाए ।

तर टनेल खन्दा १२–१३ किलोमिटर लामो टनेलमा बीच–बीचमा अडिट टनेल खन्नुपर्छ । बीचमा प्वाल पारेर दुवै दिशाबाट टनेल खन्ने गरिन्छ । त्यहाँ तीन–चारवटा अडिट टनेल छन् । हेडवर्क्स, डिसेन्डर र अडिट टनेलमा काम गरिरहेका धेरै मानिसहरू प्रभावित भए । यो निर्माणाधीन आयोजना भएकाले पानी पूर्ण रूपमा सञ्चालनमा थिएन । काम भइरहेका बेला डिसेन्डर क्षेत्रमा यो घटना भएको हो । अहिलेसम्म धेरै भित्र जान सकिएको छैन । १०–११ जना दोस्रो–तेस्रो दिनमा आफैं बाहिर निस्केर आएका थिए । त्यहाँ सय, डेढ सयदेखि दुई सय जनासम्म मानिस ट्र्याप भएको भनिएको थियो । कति क्षति भयो भन्ने कुरा विस्तारै यकिन हुँदै जाला ।

**● जलविद्युत् आयोजनामा क्षति भयो भन्नेबित्तिकै हिउँदमा के हुन्छ, लोडसेडिङ हुन्छ कि भन्नेजस्ता प्रश्नहरू पनि छन् । यसमा के भन्नुहुन्छ?**

उत्तरः अहिले सरसर्ती हेर्दा सञ्चालनमा रहेका करिब सातवटा साना–ठूला जलविद्युत् आयोजना पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । तीन मेगावाटको आयोजना पनि क्षतिग्रस्त भएको छ । यी सबै जोड्दा करिब २५५ मेगावाट विद्युत् उत्पादन क्षमतामा असर परेको देखिन्छ । रसुवागढी, चिलिमे, मैलुङ, त्रिशूली–३ ‘ए’लगायतका आयोजना यसमा पर्छन् ।

यसपालि हिउँदमा लोडसेडिङ हुन्छ भन्ने मलाई लाग्दैन । किनभने हामीले पछिल्लो समय धेरै आयोजना बनाइसकेका छौं । अहिले हाम्रो हाइड्रोपावरको उत्पादन क्षमता करिब ४ हजार २ सयदेखि ४ हजार ५ सय मेगावाट छ । अहिले २५० मेगावाट गयो भने पनि करिब ४ हजार मेगावाटको क्षमता बाँकी रहन्छ । त्यसमा करिब २०० मेगावाट सोलार पनि छ । बर्खायाममा त हाम्रो विद्युत् बढी भएर भारतमा बेच्नुपरेको छ । करिब ८ सय, ९ सयदेखि १ हजार मेगावाटसम्म विद्युत् बेचेकै होला ।

**● भोटेकोशी विपत्तिः कति भयो पशुधनको क्षति ?**

हिउँदमा पिक टाइममा भने अलिकति अपुग हुन्छ । तर थोरै विद्युत् आयात गर्दा पनि पुग्छ । औसतमा करिब १ हजार ५०० मेगावाट विद्युत् आइहाल्छ । २०७३ सालमा लोडसेडिङ अन्त्य भनिएको बेला हाम्रो हाइड्रोपावरको उत्पादन क्षमता ८ सय मेगावाट थियो, जसबाट हिउँदमा करिब ३ सय मेगावाट मात्रै उत्पादन हुन्थ्यो । अहिले हामीसँग ४ हजारदेखि ४ हजार ५ सय मेगावाटको उत्पादन क्षमता छ र हरेक पटक थपिँदै गएको छ ।

करिब ७ हजारदेखि ८ हजार मेगावाटका आयोजना निर्माणाधीन छन् । ती विभिन्न चरणमा छन् र हरेक महिना उत्पादन क्षमता थपिँदै छ । त्यसैले अहिले हामीलाई ठूलो समस्या हुँदैन ।

**● समग्रमा यो बाढीले जलविद्युत्मा मात्रै कति क्षति भयो होला?**

उत्तरः अनुमानित रूपमा सञ्चालनमा रहेका र निर्माणाधीन सबै आयोजना जोड्दा करिब एक खर्ब रुपैयाँभन्दा बढीको क्षति हुन सक्छ । भौतिक र वित्तीय क्षति सबै जोड्दा, निजी तथा सरकारी क्षेत्रसमेत गरी एक खर्बदेखि डेढ खर्ब रुपैयाँसम्मको क्षति हुन सक्छ । त्योभन्दा बढी पनि हुन सक्छ ।

त्योभन्दा पनि ठूलो कुरा ऊर्जा क्षति हो । उदाहरणका लागि, त्रिशूली–३ ‘ए’ले वर्षमा ४–५ अर्ब रुपैयाँबराबरको ऊर्जा उत्पादन गर्थ्यो । दुई वर्ष उत्पादन हुन नसक्दा करिब १० अर्ब रुपैयाँको ऊर्जा क्षति त भइहाल्यो ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बर्दियामा ‘डिएनए’ नमूना सङ्कलन सुरु

**युग संवाददाता**
**बाँके, २१ भदौ ।**

भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी सम्पर्कविहीन हुनुभएका बर्दियाका नागरिकको अवस्थाबारे पहिचान सुनिश्चित गर्न डिएनए नमूना सङ्कलन आजदेखि सुरु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सरोज पौडेलले सम्पर्कविहीन व्यक्तिका आफन्तलाई नमूना दिन आह्वान गर्दै जरुरी सूचना जारी गरिएको जानकारी दिए।



सो सूचनाअनुसार सम्पर्कविहीन व्यक्तिका फस्ट डिग्री रिलेसन बुबा, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाले डिएनए नमूना दिन सक्नेछन्। बाढीमा परी सम्पर्कविहीन भएका नागरिकको पहिचान सुनिश्चित गर्न आफन्तको नमूना सङ्कलन गर्न लागिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय, बर्दिया, गुलरियामा हुने नमूना सङ्कलन बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म हुने सूचनामा उल्लेख छ। नमूना सङ्कलनमा जिल्ला अस्पतालले पनि सहयोग गर्नेछ। प्रहरी उपरीक्षक पौडेलले दुई दिनसम्म डिएनए नमूना सङ्कलन हुने उल्लेख गर्दै प्रहरीले सम्पर्कविहीन व्यक्तिका आफन्तलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित भई नमूना दिन आग्रह गरेको बताए। नमूना दिन आउने आफन्तले आफ्नो परिचय खुल्ने आधिकारिक कागजात र पासपोर्ट साइजका दुईप्रति फोटो अनिवार्य रूपमा ल्याउनुपर्ने सूचनामा उल्लेख छ।

प्रहरी उपरीक्षक पौडेलले जिल्लामा अहिलेसम्म ७४ जना सम्पर्कविहीन रहेको बताउनुभयो। जिल्लाको बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गेरुवा गाउँपालिका लगायतका स्थानबाट सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।

**मन्दिरको दान बाढी पहिरो पीडितलाई**

नेपालगन्जको कारकाँदोस्थित राधाकृष्ण मन्दिरमा श्रीकृष्ण जन्माष्टमीका अवसरमा संग्लन भएको दान रकम बाढीपहिरो पीडितका लागि प्रधानमन्त्री राहत कोषमा जम्मा गरिने भएको छ। मन्दिरका दुवै दानपेटी खोल्दा सङ्कलन भएको कुल रु ३७ हजार ८०८ सम्पूर्ण रकम रसुवाका विपद् पीडितको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा पठाउने निर्णय गरिएको मन्दिर व्यवस्थापन समितिका सचिव कपिल नेपालले जानकारी दिए।

---

## अलपत्र...

देखिन्छ, तर खर्च भएको छैन। यसको कारणबारे बुझ्न सकिएको छैन।” निर्माण सुरु भएको सात वर्ष बितिसक्दा पनि टावर अधुरै छ। लामो समयसम्म घाम र पानीको सम्पर्कमा रहँदा कंक्रिट तथा बाहिर खुला छाडिएका सरियामा क्षति पुग्न थालेको छ।इन्जिनियर वीरेन्द्र आचार्यका अनुसार लामो समय अधुरो छाडिएको कंक्रिट संरचनामा पुनः निर्माण अघि बढाउँदा प्राविधिक परीक्षण आवश्यक हुन्छ।

“फिनिसिङ गरिएका संरचनाको आयु सामान्यतया ५० वर्षसम्म हुन्छ भन्ने मान्यता छ। तर अधुरो छोडिएको कंक्रिट संरचनामा छिट्टै क्षति पुग्न सक्छ,” उनी भन्छन्, “यत्तिकै छोडिएका सरियामा खिया लाग्न सक्छ। कंक्रिटमा पनि घाम र पानीले असर गरेको हुन्छ।” उनका अनुसार लामो समयपछि बाँकी निर्माण अघि बढाउनुअघि संरचनाको सिभिल ल्याब परीक्षण गर्नुपर्ने हुन्छ।

टावर निर्माणका लागि वीरेन्द्रनगर-११ का वर्तमान वडा सदस्य रत्नबहादुर चन्दको नेतृत्वमा उपभोक्ता समिति गठन गरिएको थियो। चन्दका अनुसार तीन तलासम्मको संरचना बनेपछि कोरोना महामारीका कारण निर्माण रोकिएको हो। “क्रमागत रूपमा बजेट आएर काम गरिरहेका थियौँ। बीचमा कोरोना महामारीका कारण काम गर्न मिलेन,” उनी भन्छन्, “त्यसपछि पनि एक पटक बजेट आयो, तर समयावधि निकै कम भएकाले काम गर्न सकिएन। त्यसयता यत्तिकै अलपत्र छ।”

चन्दका अनुसार आर्थिक वर्ष २०७९/०८० मा टावर निर्माणका लागि २५ लाख रुपैयाँ बजेट आए पनि काम गर्ने समय १४ दिन मात्र थियो। असारको दोस्रो सातामा मात्रै काम अघि बढाउन सम्बन्धित निकायबाट जानकारी आएपछि उपभोक्ता समितिले काम गर्न नसकेको उनको भनाइ छ। त्यस बेला बाँकी काम ठेक्कामार्फत गराउने प्रयास पनि गरिएको उनले बताए। तर निर्माण व्यवसायीले समेत ठेक्का लिन इच्छा देखाएनन्।

“पानीको सुविधा नभएको सुख्खा ठाउँमा निर्माण सामग्री ढुवानी गर्न पनि समस्या छ। त्यसैले कसैले ठेक्का लिन नमानेको हुन सक्छ,” चन्द भन्छन्, “त्यसपछि भनेका वर्षहरूमा बजेट नै आएन र काम पनि अघि बढेन।” टावर निर्माणस्थल रहेको देउतीबज्यै सामुदायिक वन उपभोक्ता समितिले समेत योजना अघि बढाउन खासै ताकेता गरेको देखिँदैन। सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष चक्रबहादुर रावत पनि संरचना निर्माण किन रोकियो भन्ने विषयमा अनभिज्ञ छन्।

“के कारणले काम रोकियो भन्ने स्पष्ट कारण मलाई पनि थाहा छैन। हामीले सोधीखोजी पनि गरेका छैनौँ,” रावत भन्छन्। उपभोक्ता समिति र डिभिजन वन कार्यालयबीच भएको सम्झौताअनुसार निरन्तर रूपमा काम भएको भए तीन वर्षभित्र टावर निर्माण सम्पन्न हुनुपर्ने थियो। तर सुरुका दुई आर्थिक वर्षमा केही काम भएपछि योजना अघि बढ्न सकेन। अब बाँकी काम पूरा गर्ने कि योजनालाई यत्तिकै छाड्ने भन्नेमा समेत सम्बन्धित निकाय स्पष्ट छैन।

डिभिजन वन कार्यालय, सुर्खेतका प्रमुख दासका अनुसार योजना आफू कार्यालयमा आउनुअघिकै हो। “यो योजना म आउनुभन्दा अघिको हो। म आएपछि यसलाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल भएको छैन,” उनी भन्छन्, “निर्माण गर्ने वा नगर्ने भन्ने विषयमै अन्योल छ।” वन क्षेत्रकै एक अधिकृत भने जंगलको बीचमा २२-२३ मिटर अग्लो फायर वाचिङ टावर बनाउने सरकारको निर्णयप्रति नै प्रश्न उठाउँछन्। उनका अनुसार टावरबाट जंगलमा डढेलो लागेको देखिए पनि त्यसलाई नियन्त्रण गर्ने पर्याप्त प्रविधि र स्रोतसाधन नभएसम्म यसको उपयोगिता सीमित हुन्छ।

“जंगलको बीचमा टावर निर्माण गर्ने अवधारणा नै वैज्ञानिक छैन। अर्को कुरा, यो कति लाभदायी हुन्छ भन्ने यकिन पनि भएको छैन,” ती अधिकृत भन्छन्, “टावरबाट हेरेर मात्रै डढेलो नियन्त्रण हुँदैन। हामीसँग त्यहाँबाट डढेलो निभाउने प्रविधि पनि छैन।” उनले आधारभूत आवश्यकतालाई बेवास्ता गर्दै यस्ता आयोजनामा सरकारी लगानी गर्नु उचित नभएको बताए। “जनताको करबाट हुने निर्माणका काममा जनताको आधारभूत आवश्यकतालाई बुझेर लगानी गर्नुपर्छ। यस्तो टावरमा खर्च हुने पैसाले एउटा अस्पताल बन्न सक्छ,” उनी भन्छन्, “तर सरकारको ध्यान त्यतातिर जाँदैन।”

# कृष्णभीरमा खोलिएको ‘ट्र्याक’ लाई फराकिलो बनाइँदै

**युग संवाददाता**
**चितवन, २१ भदौ ।**

पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमाथिको भागबाट निर्माण सामग्री तथा उपकरण लैजान सकिने गरी खोलिएको ‘ट्र्याक’ फराकिलो बनाउन थालिएको छ। पहिरोले सडक भासिएपछि अवरुद्ध रहेको सडक सञ्चालन गर्ने तयारीस्वरूप माथिल्लो भागमा रुख कटान र झाडी फाँड्ने काम गरी ट्र्याक खोलिएको हो।



नौबिसे-मुग्लिन सडक आयोजनाको पश्चिमखण्डका इञ्जिनियर सचेन्द्र मिश्रका अनुसार पहिरो गएको स्थानमाथिबाट निरन्तर काम गरेपछि डाँडामाथिबाट दुवैतर्फ करिब चार मिटर चौडाइको ट्र्याक खोलिएको छ। उनले भने, “हिजो खुलेको ट्र्याक फराकिलो बनाउने काम सुरु गरिएको छ।” माथितिर भित्ता काट्ने, बाटो चौडा गर्ने, ग्राभेलिङ गर्ने, ग्रेडिङ मिलाउने, डिजाइनअनुसार पहिरो व्यवस्थापन गर्ने लगायतका धेरै काम बाँकी छन्। सर्वसाधारणका गाडी गुड्न अझै समय लाग्ने उनको भनाइ छ।

अगामी भदौ मसान्तसम्ममा सर्वसाधारणका सवारी सञ्चालन गर्न मिल्ने गरी तीव्र गतिमा काम गरिएको उनले बताए। उनले भने, “अब डिजाइनअनुसार काम गर्ने वातावरण बनेको छ। निर्माणका लागि आवश्यक प्राविधिक सामग्री र जनशक्तिको अभाव छैन। अब सडक डिजाइनअनुसार निर्माण हुन्छ र काम गर्न सहज भएको छ।” मिश्रका अनुसार अहिले खोलिएको ट्र्याक मुख्यतया निर्माणमा संलग्न कामदार र निर्माण सामग्री ओसार पसारका लागि प्रयोग भएको छ।

नयाँ सडक खोल्ने काम निर्माण कम्पनी शर्मा-जेडआइभी जेभीले गरेको छ। कम्पनीका साइट प्रबन्धक इञ्जिनियर ईश्वर नेपालका अनुसार मुख्य सडबाट करिब २० मिटर अग्लो र ३५० मिटर लामो ट्र्याक खोलाएको हो। उनले भने, “ट्र्याक खुलेपछि निर्माण सामग्री लैजान, इन्धन पुऱ्याउन र कामदार आवतजावत गर्न सहज भएको छ। अहिले यो ट्र्याक निर्माण प्रयोजनका लागि मात्रै प्रयोग भइरहेको हो। सर्वसाधारणका लागि नयाँ सडक खुलेको होइन।”

उनका अनुसार अब स्लोप कटिङ, भित्ता काट्ने, ढुङ्गा थुपार्ने, ग्रेडिङ मिलाउनेलगायत धेरै काम अझै बाँकी छन्। आपत्कालीन अवस्थामा सर्वसाधारण पनि हिँडेर वारपार गर्न सक्ने अवस्था बनेको उनको भनाई छ। अब दुवैतर्फबाट डिजाइनअनुसार सडक निर्माणको काम अघि बढाइने उनले बताए।

आइतबारदेखि भारी उपकरणहरू थप गरिएको छ। दुई एक्साभेटर थप गरेर सात पुऱ्याइएको छ। एउटा जेसिबी, लोडर, दुई बुल्डोजर परिचालन गरिएको छ। आवश्यकताअनुसार उपकरण थप्दै लगिने उनले जानकारी दिए।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टट्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

GMB
GMBS
Cafe, Bakery & Restaurant
कर्मचारी आवश्यकता
हाम्रो प्रतिष्ठित संस्थाको लागि देहाय बमोजिमका पदहरुमा कर्मचारी आवश्यक परेकोले आवेदन आहान गरिन्छ ।
कुक - २ जना
किचेन हेलपर - १ जना
हाउसकिपिङ (महिला) - १ जना
इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.
083-524831, 9816575525, 9848047683

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।